# पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर ,सुर्खेत
कर्णाली प्रदेश ,नेपाल

प.सं. २०७७/०७८
च.न
मितिः-२०७७/०६/२५

बिषय : सूचना!!!!!!! सूचना!!!!!!! सूचना!!!!!!!!!!! ।

कोरोना सङ्क्रमण (COVID-19) को कारण विश्व नै आक्रान्त भएको यस विषम परिस्थितिले गर्दा हाम्रो देश नेपाल र हाम्रो जिल्ला सुर्खेत पनि अछुतो नरहेको जानकारी त आम नागरिकहरु सबैमा छदैछ । यस्तो अवस्थामा कोरोना सङ्क्रमणलाई न्यूनिकरण गर्नको लागि र यस रोगबाट बच्नको लागि यस पञ्चपुरी नगरपालिका अन्तरगतका राजनीतिक दल, उद्योगी, ब्यापारी, मजदुर तथा आम नगरबासि आमाबुबा,दाजुभाइ तथा दिदीबहिनीहरुले बिदेशबाट र स्वदेशकै विभिन्न ठाउँहरुबाट यस नगरपालिका भित्र आउनु भएको छ भने १४ दिन होम क्वारेन्टिनमा बसिदिनुहुने छ भन्ने आशा लिएको छु । साथै महान चाड बडा दशैं र शुभ दिपावलीमा भिडभाड नगरी नेपाल सरकारको मापदण्ड पालना गर्नु हुनेछ, बिशेष काम बिना घरबाट बाहिर निस्कनु हुने छैन, आफु र आफ्नो समूदायलाई रोगबाट मुक्त गर्न र गराउनको लागि यहाँहरुको उल्लेखनिय भूमिका रहने छ भन्ने आशा लिएको छु । अन्तमा आउनै लागेको बिजया दशमी, शुभ दिपावली र छठ पर्वको अवसरमा स्वदेश तथा बिदेशमा रहनु भएका आमाबुवा, दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धी र उत्तरोउत्तर प्रगतिको शुभकामना ब्यक्त गर्दै कोरोना सङ्क्रमणको लक्षण देखिएमा नजिकैको स्वास्थ्य केन्द्रमा चेकजाँच गराउन वा सरसल्लाह लिन सवै नगरवासी आमाबुवा तथा दाजुभाइ दिदीबहीनीहरुमा हार्दीक अनुरोध गर्दछु ।

धन्यवाद!!!!

.............................
उपेन्द्र बहादुर थापा
नगर प्रमुख